जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ३०२ २०८२ साल असार २६ गते बिहीबार (10 July 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**
लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : प्रधानमन्त्रीबाट अन्तरराष्ट्रिय ... ३ पृष्ठमा : विज्ञापन ... ४ पृष्ठमा : प्रहरी उपरीक्षक केसीले ...

## बसको पर्खाईमा नव निर्मित राजविराज बसपार्क

# उद्घाटन भएको दुई महिना भन्दा बढी बित्न लाग्दा पनि सञ्चलानमा अएनन्



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

गणतन्त्र दिवसको अवसर पारेर गत जेठ १५ गते राजविराज बसपार्कको उद्घाटन भयो । चार पटकको शिलान्यास र ३८ वर्षको लामो प्रतिक्षापछि राजविराज बसपार्कको उद्घाटन हुँदा नगरवासी उत्साहित भए ।

राजविराज नगरपालिकाका कार्यबाहक नगरप्रमुख इसरत परवीनले नवनिर्मित सुविधा सम्पन्न बसपार्कको उद्घाटन गरेकी थिईन्

राजविराज २ स्थित रहेको नवनिर्मित सुविधा सम्पन्न बसपार्क नेपाल सरकारको सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरी मार्फत १५ करोड ६० लाख रुपैयाँको लागतमा निर्माण भएको हो । त्यसअघि गत बैशाख २४ मा शहरी तथा भवन निर्माण आयोजना सप्तरीका प्रमुख सुरेन्द्र कुमार साहले कार्यावाहक नगर प्रमुख परवीनलाई कागजात सहित साँचो हस्तान्तरण गरेका थिए ।

बसपार्क कै अभावमा राजविराजमा सार्वजनिक सवारी साधन सडक मै पार्किङ्ग हुँदा ट्राफिकको झमेलाका साथै त्यसकै कारण उत्पन्न हुँदै आएको समस्याहरु समाधान हुने विश्वास गरिएको थियो । तर, बसपार्क उद्घाटन भएको दुई महिना भन्दा बढी हुन लाग्दा पनि सञ्चानमा आउन सकेको छैन् ।

बसको पर्खाईमा रहेको राजविराज बसपार्क अहिले सुनसान छ । राजविराजको मेनरोडमा दिवासेवा, रात्रीसेवा, माईक्रोबस लगायतका सवारीसाधन जतातत पार्किङ्ग गर्ने अवस्थमा कुनै परिवर्तन आउन सकेको छैन् । बसपार्कको उद्घाटनबाट खुशी भएका नगरवासीमा निराशा छाएको छ ।

राजविराज २ राजदेवी चौक नजिकै १९ हजार ६ सय भन्दा बढी वर्ग किलोमिटरमा फैलिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष, टिकट काउन्टर, सर्भिस सेन्टर, बैंक ब्रान्च, प्रतिक्षालय, शौचालय, रेस्टुरेन्ट, मिनि मार्केट, सभाहल, प्रहरी बीट लगायतका संरचना निर्माण गरिएको भएपनि अहिले पनि बसको पर्खाइमा छ राजविराज बसपार्क ।

यता राजविराजका कार्यवाहक नगरप्रमुख इसरत परवीनले नगरपालिकामा विवाद भएको कारण बसपार्क सञ्चालनको प्रक्रिया अगाडी बढाउन नसकिएको बताइन् । उहाँले एक दुई दिन भित्रै बैठक बसेर बसपार्क सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडी बढाएर छिट्टै सञ्चालनमा ल्याउने जानकारी दिईन् ।

राजविराजको ट्राफिक व्यवस्थापनका लागि बसपार्क सञ्चालन आवश्यक रहेको भन्दै पटक-पटक सरोकारवालाहरु संग छलफल गरी उद्घाटन सम्म पुऱ्याउन अग्रणी भूमिका निर्वाह गर्ने प्रमुख जिल्ला अधिकारी भोला दाहालले छिट्टै बसपार्क सञ्चालनमा ल्याईने बताए । उनले दुई चार दिन भित्रै

*बाँकी दुई पृष्ठमा*

## ससुराको हत्या आरोपमा ज्वाइँ पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

धनुषा प्रहरीले ससुराको हत्याको आरोपमा एक जनालाई पक्राउ गरेको छ । जनकपुरधाम उपमहानगरपालिका १५ कुवारामपुरमा चक्कु प्रहार गरी ससुराको हत्या गरेको आरोपमा प्रहरीले ज्वाइँलाई पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा ५५ बर्षीय ज्वाइँ बेचन महासेठ रहेका छन् । ६५ वर्षीय वासुदेवप्रसाद साहको हत्या अभियोगमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीका अनुसार असार १८ गते साँझ साहकै घरमा घरायसी विवादका क्रममा महासेठले चक्कु प्रहार गरी ससुरा साहको हत्या गरी फरार भएका थिए । फरार रहेका उनलाई जनकनन्दनी गाउँपालिकास्थित खजुरी रेल्वे स्टेशनबाट जिल्ला प्रहरी कार्यालय धनुषाको टोलीले पक्राउ गरेको हो ।

प्रहरीले घटनास्थलबाट प्रयोग गरिएको चक्कु र अभियुक्त चढेको प्रदेश ०२( ००७प ९९३२ नम्बरको स्कुटर समेत बरामद गरेको छ ।

मृतककी श्रीमती शैलदेवीले दिएको किटानी जाहेरीका आधारमा पक्राउ गरेर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक नरहरि रेग्मीले जानकारी दिए । उनले हत्या अभियोगमा पक्राउ परेका महासेठलाई कर्तव्य ज्यान मुद्दामा म्याद लिएर अनुसन्धान थालिएको बताए ।

IMPACT Nepal

**आवश्यकता**

बिगत ३० वर्ष देखि अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालले राजबिराज स्थित आफ्नै नयाँ भवनबाट सेवा सुचारु गर्न गइरहेको हुँदा तपसिल बमोजिमका पदहरु करार सेवामा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८२ असार ३० गते सम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | संख्या | न्यूनतम योग्यता |
|---|---|---|
| असिस्टेन्ट फार्मसिस्ट | १ | फार्मेसी बिषय लिई डिप्लोमा |
| कान उपचार कार्यकर्ता | १ | हेल्थ असिस्टेन्ट |

द्रष्टव्य:
१. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजबिराज (०३१- ५९००७५) वा इम्प्याक्ट नेपालकको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं, पोस्ट बक्स न. १०९०६ तथा इमेल : vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउनु सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा इजाजत पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. रितपूर्वक आवेदन दिएका उमेदवारहरुलाई अन्तरवार्ता र प्रयोगात्मक परीक्षाको जानकारी दिइनेछ ।
५. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831
फारम वितरण :-२०८२ असार १५ गतेदेखि
प्रवेश परीक्षा :-२०८२ असार २८ गते, बिहान ११:०० बजेदेखि
कक्षा सञ्चालन :-२०८२ श्रावण १ गते, बिहान ६:१५ बजेदेखि

# त्रिविको उपकुलपतिमा डा अर्याल नियुक्त

काठमाडौँ, २५ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीबाट त्रिभुवन विश्वविद्यालयको रिक्त उपकुलपतिमा सिफारिस भएकामध्येबाट प्रा डा दीपक अर्याल नियुक्त गर्नुभएको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको संयोजकत्वको गठित सिफारिस समितिले यही असार २३ गते प्रधानमन्त्री एवं कुलपति ओलीसमक्ष उपकुलपतिका लागि तीन जनाको नाम सिफारिस गरेको थियो।

समितिले वर्णानुक्रमअनुसार हालका निमित्त उपकुलपति प्रा डा खड्ग केसी, त्रिविको विज्ञान सङ्कायका पूर्वडीन प्रा डा विनिल अर्याल र जल तथा मौसम केन्द्रीय विभागका पूर्वप्रमुख डा दीपक अर्याललाई सिफारिस गरेको थियो।

उपकुलपति प्रा डा केशरजङ्ग बरालले दिनुभएको राजीनामा गत चैत २८ गते स्वीकृत भएपछि गत चैत ३१ गते विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री ओलीले शिक्षाध्यक्ष केसीलाई पदपूर्ति नभएसम्मका लागि बढीमा तीन महिनाका लागि उपकुलपतिको जिम्मेवारी दिनुभएको थियो।

# प्रधानमन्त्रीबाट अन्तरराष्ट्रिय पदक विजेता खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई पुरस्कार वितरण

काठमाडौँ, २५ असार (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा पदक प्राप्त खेलाडी र सम्बद्ध प्रशिक्षक तथा व्यवस्थापकलाई बुधवार सम्मान र पुरस्कार प्रदान गर्नुभएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा युवा तथा खेलकुद मन्त्रालयद्वारा आयोजित कार्यक्रममा गत कात्तिक ७ देखि १२ गतेसम्म जापन उसु ताइजी महासङ्घको आयोजनामा जापानमा भएको तेस्रो थाउलो वल्ड कपमा कास्य पदक विजेता विजय सिँजालीलाई प्रधानमन्त्री ओलीले नगद रु ६५ लाख पुरस्कारसहित प्रमाणपत्र प्रदान गर्नुभयो।

यस्तै, गत फागुन २० देखि २५ गतेसम्म इरानमा भएको छैटौं एसियन कबड्डी च्याम्पियन (महिला) तर्फ कास्य पदक विजेता मनमती विष्टसहितलाई रु एक लाख ५० हजारका दरले पुरस्कार प्रदान गर्नुभयो।

सोही अवसरमा असोज २० देखि २६ गतेसम्म श्रीलङ्का भलिबल सङ्घको आयोजनामा श्रीलङ्कामा भएको 'काभा यु-२०' पुरुष भलिबल च्याम्पियनसिपमा रजत पदक विजेता अर्जुन नेपालीसहितलाई रु तीन लाखका दरले पुरस्कार दिइएको छ। उहाँहरुलाई राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को व्यवस्थाबमोजिम यही असार ९ गतेको मन्त्रिपरिषद्को बैठकको निर्णयबाट सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको हो।

साथै, यही असार ८ देखि २१ गतेसम्म मलेसियामा भएको 'एसिसी यु(१६ इस्ट जोन कप' क्रिकेट प्रतियोगितामा सिङ्गापुरलाई हराएर उपाधि जित्न सफल विपिनप्रसाद शर्मासहितको टोलीलाई प्रधानमन्त्री ओलीले बधाई तथा स्वागत गर्नुभयो।

कार्यक्रममा प्रधानमन्त्री ओलीले खेल क्षेत्रको विकासका लागि उच्च प्राथमिकता दिएको बताउँदै लगनशील भई व्यावसायिक हिसाबले समर्पणभावका खेलजगतमा रमाउनसके सफलता प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो।

"हामीले सङ्गठित रुपले खेल क्षेत्रलाई अगाडि बढाएको धेरै भएको छैन। अहिले सरकारले खेलको विकासका लागि उच्च ध्यान दिएको छ भने अब खेलाडी व्यावसायिक रुपमा अगाडि बढेका छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "म देशको परिचय र प्रतिष्ठालाई माथि उठाउन योगदान दिने खेलाडी, प्रशिक्षक लगायतलाई धेरै धेरै धन्यवाद र बधाई दिन्छु।"

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले आगामी आर्थिक वर्षका लागि यस वर्षकोभन्दा करिब दोब्बर बजेट विनियोजन गरेको र कीर्तिपुरमा निर्माण भइरहेको क्रिकेट खेल मैदानको काम करिब अन्तिम चरणमा पुगेसँगै मुलुकको खेलकुद क्षेत्र उत्साहित भएको बताउनुभयो।

# कारागारमा मौसमी रुघा र ज्वरोको समस्या

चितवन, २५ असार (रासस)।

कारागार कार्यालय भरतपुरमा एक सातादेखि मौसमी रुघा र ज्वरोको समस्या देखिएको छ। कारागारमा रहेका २२ जनामा समस्या देखिएपछि उपचार सुरु गरिएको हो।

कारागारका सूचना अधिकारी चेतनाथ ढुङ्गानाका अनुसार रुघा र ज्वरोले समस्या देखिएपछि सङ्क्रमण फैलिन नदिने उद्देश्यले २२ जनालाई छुट्टै राखेर उपचार गरिएको छ। मौसममा आएको परिवर्तनसँगै वर्षात्का कारण समस्या देखिएको उहाँले बताउनुभयो।

सङ्क्रमित बिरामी, क्षयरोगीलगायत स्वास्थ्यमा समस्या देखिएका कैदीबन्दीलाई छुट्टै राखेर उपचार गर्ने गरिएको ढुङ्गानाले बताउनुभयो। कारागार कार्यालयमा रोग फैलन नदिनका लागि उच्च सतर्कता अपनाइएको बताउँदै उहाँले कैदीबन्दीलाई सरसफाइ र खानपानमा ध्यान दिन आग्रह गरिएको उल्लेख गर्नुभयो।

क्षमताभन्दा बढी कैदीबन्दी हुनु, मौसममा आएको परिवर्तनसँगै महामारी फैलनसक्ने भएकाले आवश्यक सुरक्षाका लागि सावधानी अपनाउन भनिएको हो। उहाँका अनुसार कारागारमा अहिले ७१६ जना कैदीबन्दी र चार जना आश्रित बालबालिका छन्। कारागारमा ३५ महिला र ४७० जना पुरुषको क्षमता रहेकामा हाल ४३ महिला र ६७३ जना पुरुष कैदीबन्दी छन्।

# करिब ९५ हजार टन मल मौज्दात : कृषि मन्त्री अधिकारी

काठमाडौँ, २५ असार (रासस)।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले सरकारले 'अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७' को व्यवस्थाका आधारमा कृषकलाई अनुदानमा मलखाद उपलब्ध गराउँदै आएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरुले आकस्मिक, शून्य र विशेष समयमा उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै हाल युरिया मलको खरिद मूल्य प्रतिकिलो ८२ रुपैयाँ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु १४ रुपैयाँ रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "डिएपीको खरिद मूल्य प्रतिकिलो रु १२१ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ४३ र पोटासको खरिद मूल्य प्रतिकिलो रु ६४ र भन्सार बिन्दुको बिक्री मूल्य प्रतिकिलो रु ३१ रहेको छ, यसरी वर्तमानमा युरिया, डिएपी र पोटास मलमा प्रतिकिलो अनुदान क्रमशः ५८, ७८ र ३३ रुपैयाँ रहेको छ। यसबमोजिम औसतमा मलमा करिब ६६ प्रतिशत अनुदान रहेको अवस्था छ।"

मन्त्री अधिकारीले अनुदानमा उपलब्ध गराइने मलबाहेक पनि अनुदान नभएका अन्य मलखाद पनि कृषकले खुला बजारबाट खरिद गरी प्रयोग गर्ने गरेको उल्लेख गर्दै सीमावर्ती क्षेत्रका कतिपय कृषकले अनौपचारिक रुपमा सानो परिमाणमा सीमापारी भारतीय बजारबाट मल ल्याई प्रयोग गर्ने गरेको जानकारी गराउनुभयो। कतिपय अवस्थामा सिफारिसअनुसार पूरैमात्रामा अनुदानको मल उपलब्ध नभए पनि खुला बजार र अन्य माध्यमबाट किनेर पनि कृषकले मल प्रयोग गर्ने गरेको उहाँको भनाइ छ।

"उपलब्ध बजेटको सीमाभित्र रही अन्तरराष्ट्रिय बजारबाट रासायनिक मलको आयात गरी कृषकलाई अनुदानमा मल उपलब्ध गराउन मन्त्रालय क्रियाशील रहेको छ, चालु आर्थिक वर्षको लागि मन्त्रालयलाई प्राप्त भएको बजेट रु २७ अर्ब ३६ करोडबाट हालसम्म तीन लाख ८१ हजार टन मल आयात गरिसकिएको र चार लाख २४ हजार टन बिक्री गरिसकिएको छ", उहाँले भन्नुभएको छ।

त्यसको अलावा ५२ हजार टन युरिया र ३० हजार टन डिएपी कलकत्ता बन्दरगाह आइसकेको वा आउने क्रममा रहेको र धान हाम्रो मुख्य खाद्यान्नबाली रहेको र धानबालीमा मलको माग र खपत सबैभन्दा बढी भएकाले जारी धान रोपाइँ सिजनका लागि मलको अभाव नहोस् भनेर मन्त्रालयले आवश्यक व्यवस्था गरेको मन्त्री अधिकारीको भनाइ छ।

उहाँले भन्नुभयो, "यस क्रममा नेपाल भित्रिने क्रममा रहेको मलबाहेक हाल कृषि सामग्री कम्पनी लिमिटेड र साल्टट्रेडिङ कर्पोरेशनको देशभर रहेका डिपोमा करिब ९५ हजार टन मल मौज्दात रहेको छ भने देशभरका करिब ११ हजार मल बिक्रेता सहकारी संस्थाले सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उल्लेखित डिपोबाट दैनिक करिब २० हजार क्विन्टल (४० हजार बोरा) मल सहकारीले बुझी लगिरहेका छन्।"

खेती गरिएको बाली र मलको सिफारिस मात्राका आधारमा वार्षिक मलको आवश्यकता करिब १३ मेट्रिकटन रहे तापनि मध्य तथा उच्च पहाडमा सिफारिसअनुसार मलखाद प्रयोग कमै हुने कारण मलको प्रभावकारी माग करिब सातदेखि आठ लाख टन रहेको पाइएको मन्त्री अधिकारीले संसद्लाई जानकारी गराउनुभयो। पछिल्ला वर्षमा हाइब्रिड मकै र धानको खेती बढेसँगै मलको मागमा उच्च दरमा वृद्धि हुँदै आएको उल्लेख गर्दै उहाँले पछिल्ला केही वर्षयता वार्षिक करिब चार लाख ५० हजारदेखि पाँच लाख मेट्रिकटन अनुदानमा उपलब्ध गराउने गरिएको पनि बताउनुभयो।

# बारामा यसवर्ष ९१ हजार ८ सय मेट्रिकटन चैते धान उत्पादन

बारा, २५ असार (रासस)।

यहाँका किसानले यसवर्ष ९१ हजार ८०० मेट्रिकटन चैते धान उत्पादन गरेका छन्।

कृषि ज्ञानकेन्द्र बाराका प्रमुख राजनारायणप्रसाद साहले सो जानकारी दिनुभएको हो।

किसानले उत्पादित धानको कलैया बजारमा प्रतिक्विन्टल रु दुई हजार २०० मा बिक्री गरिरहेका छन्। गत वर्ष प्रतिक्विन्टल रु तीन हजारको दरले बिक्री वितरण भएको थियो। उहाँका अनुसार कृषकले विभिन्न जातको चैते धान १८ हजार हेक्टर क्षेत्रफलमा खेती गरेको बताउनुभयो।

गत कृषकहरु १६ हजार हेक्टर क्षेत्रफलमा चैतेधान खेती गरेका कृषि ज्ञान केन्द्रका अर्थ विज्ञ गणेश महराले बताउनुभयो।

# स्वास्थ्य बीमाबाट दुई लाखसम्मको उपचार सुविधा

काठमाडौँ, २५ असार (रासस)।

स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध नागरिकले अब रु दुई लाखसम्मको उपचार सुविधा पाउने भएका छन्।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले हालसम्म रु एक लाखमा सीमित यो सुविधा आगामी साउन १ गतेदेखि दोब्बर बनाइने घोषणा गर्नुभएको हो।

बुधवार सामाजिक सञ्जालमार्फत उक्त जानकारी दिँदै मन्त्री पौडेलले आठ प्रकारका गम्भीर रोगका बिरामीका लागि उपचार खर्च दोब्बर बनाइएको बताउनुभएको हो। "कडा रोग लागेर उपचार खर्च जुटाउन नसक्ने नागरिकको पीडामा राहत दिन साउन १ गतेदेखि यो निर्णय लागू हुनेछ", फेसबुकमा उहाँले लेख्नुभएको छ।

अब क्यान्सर, मुटुरोग, मिर्गौला रोग, टाउको र मेरुदण्डमा चोट (हेड इन्जुरी र स्पाइनल इन्जुरी), सिकलसेल एनिमिया, पार्किन्सोनिज्म र अल्जाइमर भएका बिरामीले रु दुई लाखसम्मको उपचार सुविधा पाउनेछन्।

यसअघि सरकारले बीमा योजनामा सामेल भएकालाई आफू बसोबास गरेको स्थानमा उपचार लिनसक्ने व्यवस्था मिलाउने तथा सबै तहमा बीमा सुविधा विस्तार गर्ने निर्णय भइसकेको छ।

***बसको...***

सरोकारवालाहरु संग यस विषयमा छलफल गरि केहि दिन भित्रै राजविराज बसपार्क सञ्चालनमा ल्याउन आफूले पहल गर्ने प्रतिवद्धता जनाए।

यहाँका सार्वजनिक यातायात व्यवस्थित रुपमा सञ्चालनका लागि पहिलो पटक २०४४ सालमा तत्कालिन प्रधानमन्त्री मरिचमान सिंह, दोश्रो पटक २०४६ सालमा तत्कालिन अञ्चलाधिश सुर्य वहादुर सेन ओली र तेश्रो पटक २०५२ सालमा तत्कालिन प्रधानमन्त्री शेर बहादुर देउवाले वसपार्कको शिलान्यास गरेका थिए। चौथो पटक २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दिपेन्द्र नाथ शर्मा र राजविराज नगरपालिकाको तत्कालिन मेयर शम्भु प्रसाद यादवले संयुक्त रुपमा वसपार्कको शिलान्यास गरेपछि निर्माण कार्य सकिएर उद्घाटन गरिएको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कल्याणपुर,सप्तरी
### मधेश प्रदेश, नेपाल

☎ ०३१-५४००५४

**पत्र संख्या : २०८१/०८२**

**मिति २०८२/०३/२६**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/२६**

प्रस्तुत् बिषयमा यस नगर कार्यपालिकाको, राजश्व परामर्श समितिको मिति २०८२/०३/२० गते बसेको बैठकको निर्णयानुसार आन्तरिक आय अन्तर्गत तपसिल बमोजिमको पोखरी तथा हटियाहरुको कर दस्तुर असुली कार्य ठेक्का बन्दोबस्त द्वारा संकलन गर्नु पर्ने भएकोले तपसिलका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ।

तपसिल :

ठेक्काः पोखरी

| सि.न. | पोखरीको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | साविक बनरझुला २ को पोखरी | खडक न.पा.३ | ९४,७४५।- | २०८५ असार मसान्त सम्म (३ आ.व) | |
| २ | जर्मन पोखरी | खडक न.पा.३ | ४७,७९०।- | | |
| ३ | अमहा रोड छेउको पोखरी | खडक न.पा.४ | १,२०,५००।- | | |
| ४ | करमनियाँ दह पोखरी | खडक न.पा.४ | ८१,०००।- | | |
| ५ | साविक ३ र ४ को सानो पोखरी | खडक न.पा.४ | ३१,०००।- | | |
| ६ | मेघवारीको मुसहरनियाँ पोखरी | खडक न.पा.५ | १,१०,७००।- | | |
| ७ | डिहवार मन्दिर नजिकको पोखरी | खडक न.पा.८ | ३९,९६०।- | | |
| ८ | दक्षिणबारी टोल भदियाको डवरा पोखरी | खडक न.पा.८ | २८,७१०।- | | |
| ९ | कललवा पोखरी | खडक न.पा.९ | २,००,०००।- | | |
| १० | तेलिन पोखरी | खडक न.पा.९ | २,७०,०००।- | | |
| ११ | पुरनी पोखरी | खडक न.पा.९ | १,००,०००।- | | |
| १२ | अखडाहा भन्ने गोसाइ पोखरी र लवकी पोखरी संयुक्त | खडक न.पा.१० | ६,८५,०००।- | | |
| १३ | डोमराही पोखरी | खडक न.पा.११ | २९८,८००।- | | |

ठेक्काः हटिया

| सि.न. | हटियाको नाम | ठेगाना | न्यूनतम अंक रु. (मु.अ.कर बाँहेक) | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिस्वा हटिया | खडक न.पा.१ | १,१५,०००।- | २०८३ असार मसान्त सम्म | |
| २ | कंचिरा हटिया | खडक न.पा.३ | ११,९०५।- | | |
| ३ | अन्दुलेखी कृषि बजार | खडक न.पा. ४ | ४१,०००।- | | |
| ४ | खरचुहियाँ हटिया | खडक न .पा.५ | ९०,१००।- | | |
| ५ | कल्याणपुर हटिया | खडक न.पा.७ | १,८४,५००।- | | |
| ६ | विसनपुर हटिया | खडक न.पा.८ | ८९,०००।- | | |
| ७ | फुलेश्वरनाथको हटिया | खडक न.पा.१० | ३६,०००।- | | |
| ८ | बनौली हटिया | खडक न.पा.११ | १८,६००।- | | |

**नियम तथा शर्तहरु :**

१) फारम दस्तुर रु. ५००।- (पछि फिर्ता नहुने गरी) राजश्व शाखामा नगद बुझाउनु पर्नेछ। फारम यस नगरपालिकाको राजश्व/प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

२) शिलबन्दी दरभाउपत्र फारम मिति २०८२/०३/२६ गते विहिवार कार्यालय समय भित्र खरिद गर्नका साथै सम्पूर्ण प्रकृया पुरा गरी सोहि दिन यस नगरपालिकाको राजश्व/प्रशसन शाखामा दर्ता गराई सक्नु पर्ने छ।

३) शिलबन्दी दरभाउपत्र मिति २०८२/०४/०९ गते शुक्रवार दिनको २:०० बजे कार्यालयमा नियमानुसार खोलिने छ। दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन तोकिएकै समयमा उक्त कार्यहरु गरिनेछ।

४) शिलबन्दी दरभाउपत्र आवदेनकर्ता अनुपस्थित भएमा दरभाउपत्र खोलिन कुनै बाधा परेको मानिने छैन्।

५) दरभाउपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवै प्रष्ट लेख्नु पर्नेछ। दुवैमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ

६) कवोल रकमको लागि तोकिएको न्युनतम दररेट भन्दा कम भएमा फारम स्वतः रद्द हुनेछ।

७) ठेकदारले कबोल गरेको अंकमा मु.अ.कर वापतको रकम थप गरी बुझाउनु पर्नेछ।

८) शिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको न्युनतम ५ प्रतिशतले हुन आउने रकम धरौटी वापत यस न.पा.को नाममा रहेको कृषि विकास बैक, शाखा कल्याणपुरमा रहेको धरौटी खाता नं. ११०३७०१५०८००४०४७ मा नगद जम्मा गरेको सक्कल भौचर र नागरिकताको प्रतिलिपि संलग्न राखि पेश गर्नु पर्नेछ।

९) ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र एकमुष्ट रकम जम्मा गर्नेलाई १० प्रतिशत छुट दिईनेछ। यदि एकमुष्ट रकम नबुझाएमा सम्झौता गर्न आउादा पहिलो किस्ता ६० प्रतिशत नगद राजश्व शाखामा बुझाउनु पर्नेछ, र बाँकी ४० प्रतिशतको रकम पोखरीको हकमा मिति २०८५ श्रावण मसान्त सम्म र हटियाको हकमा मिति २०८३ श्रावण मसान्त सम्मको बैंक ग्यारेन्टी अथवा यस खडक नगरपालिकाको नाममा जग्गा धितो राखे पछि मात्र सम्झौता गरिनेछ। साथै तोकिएको निर्धारित समय भित्र नियमित रुपमा किस्ता बुझाउनु पर्नेछ।

१०) एकमुष्ट वा प्रथम किस्ता वापतको ६० प्रतिशत रकम ७ सात दिन भित्र बुझाई चलान पूर्जा लिनु पर्नेछ। नबुझाएमा नियमानुसार शिलबन्दी परेका अन्य व्यक्ति वा संस्थालाई ठेक्का दिईनेछ।

११) नगरपालिकालाई बुझाउनु पर्ने बाँकी रकम, ठेक्का वा अन्य बााकी बक्यौता हुनेले बक्यौता रकम यस न.पा. मा नबुझाई दरभाउपत्र पेश गर्न पाईने छैन्।

१२) ठेक्का बन्दोबस्त भईरहेको अवस्थामा रहेको पोखरीमा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन र सामान्य मर्मत सम्भारको रकम न.पा. मा दावि गर्न पाईने छैन्।

१३) ठेक्का बन्दोबस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम् ठेकेदार नै हुनुपर्ने र कवोल गरेको रकममा मिन्हा हुने छैन्।

१४) हटियाको हकमा कर पूर्जा अनिवार्य लागू गर्नु पर्नेछ र पूर्जा रसिद ठेकेदार स्वयमले छपाउनु पर्नेछ। नगरपालिकाबाट स्वीकृत दररेट बमोजिम मात्र कर संकलन गर्न पाईनेछ।

१५) एक व्यक्ति वा फर्मको नाममा खरिद गरेको शिलबन्दी फारम अर्को व्यक्तिको नाममा दाखिला गर्न पाईने छैन्।

१६) कुनै शर्त सहितको दरभाउपत्र स्वीकार्य हुने छैन।

१७) ठेक्का सम्बन्धी सम्झौतामा लेखिएको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार हुनेछ।

१८) ठेक्का स्वीकृत गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।

........................

विनय कुमार सोनु

प्रमुख प्रशासकीय अधिकृत

# प्रहरी उपरीक्षक केसीले सार्वजनिक गरे दुई हप्ताको प्रगति विवरण

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले दुई हप्ताको अबधिमा हत्या घटनाका एक महिला अभियुक्त सहित सात जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।



प्रहरीले लागुऔषध सहित तीन जनालाई नियन्त्रणमा लिएको छ भने भारतीय सीमावर्ती बजार क्षेत्रबाट चोरी पैठारी गरी ल्याइएका १२ लाख ८६ हजार ३ सय ४४ रुपैया बराबरको भन्सार छलीका सामान बरामद गरी भन्सारमा बुझाएको छ ।

दुई हप्ता अघि नयाँ प्रहरी प्रमुखको रुपमा आएका प्रहरी उपरीक्षक गौतम कुमार केसीले सप्तरीका पत्रकारहरुसंगको परिचयात्मक कार्यक्रममा यस्तो जानकारी गराएको हो ।

उनले आफु सप्तरीको प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेपछि भारतीय सीमावर्ती नाकाहरुको स्थलगत भ्रमण गरी त्यहाँको सुरक्षा निगरानी र अवस्था बारे जानकारी लिएको, जिल्ला स्थित रहेको ५५ वटै प्रहरी युनिटको कामकाज र अवस्थाबारे छलफल गरिएको जानकारी दिए । समाजमा भएको विद्यमान अपराध र विकृति विसंगतीहरुलाई निरुत्साहित गर्न आफ्नो कार्यकालमा विषेश सुरक्षा रणनीती बनाएर अघि बढ्ने उनको भनाई छ ।

आफु आएको १३ दिनको अवधीमा डाक्नेश्वरी नगरपालिकामा केही दिन अघि मात्र भएको राजकुमार खड्गको हत्या घट्नामा संलग्न सोही पालिकाकी २० वर्षिय तुलसी सरदार सहित विभिन्न अपराधमा अदालतबाट कैद सजाय तोकी फरार रहेका ७ जनालाई पक्राउ गरीएको उनले बताए ।

उनले विगतमा भएका जघन्य अपराधको पनि अनुसन्धान गरिने बताउँदै उनले आमजनता, सञ्चारकर्मी, अधिकारकर्मी, राजनीतिक दल संवै संग सम्बन्ध अझ प्रगाढ बनाएर जिल्लामा शान्ति सुरक्षा कायम गर्ने प्रयास गर्ने प्रतिवद्धता जनाए ।

उनका अनुसार सोही अवधीमा प्रहरीले लागु औषध कारोबारमा संलग्न उदयपुरको बेल्का नगरपालिका ६ का ३६ वर्षिय भुइदत राई, त्रियुगा नगरपालिका ११ का २५ वर्षिय लक्ष्मण मलाह, २४ वर्षिय रन्जन निरौला र सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ५ का २७ वर्षिय मायानन्द साहलाइ लागु औषध सहित पक्राउ गरीएको छ। सोही अवधीमा श्रोत न खुलेको ७ लाख रुपैया सहित सिरहाको भगवानपुर गाउँपालिका ४ वस्ने ५८ वर्षिय जगदिश यादवलाइ समेत पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# वीरगञ्जमा खानेपानीको सङ्कटः समस्याको दीर्घकालीन समाधानमा जोड

वीरगञ्ज (पर्सा), २५ असार (रासस) ।

वीरगञ्ज महानगरमा लामो समयदेखि जारी खानेपानी सङ्कटको दीर्घकालीन समाधानमा महानगरवासीले जोड दिएका छन् ।

खानेपानीको समस्या दीर्घकालीन रूपमा समाधान गर्नुभन्दा तत्कालीन रुपमा केही दिन ट्याङ्कर तथा दमकमबाट पानी वितरण गरेर नहुने उनीहरूको भनाइ छ । वीरगञ्ज महानगरले ट्याङ्कर र पर्साको सखुवाप्रसौनी गाउँपालिकाले दमकलबाट पानी ओसारेर आपूर्ति गर्न थालेपछि सर्वसाधारणले दिगो समाधानमा जोड दिएका हुन् ।

वीरगञ्ज महानगरप्रमुख राजेशमान सिंह २०७९ सालको स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुँदा पनि वीरगञ्जमा खानेपानीको समस्या समाधान गर्न लागिपर्ने घोषणा पनि गर्नुभएको थियो । उहाँको चुनावी सभामा पर्साका प्रतिनिधिसभाका सांसद तथा खानेपानीमन्त्री प्रदीप यादवले पनि खानेपानीको दीर्घकालीन समाधान गर्ने घोषणा गर्नुभएको थियो । उहाँ नगरप्रमुखमा निर्वाचित भएको तीन वर्ष बित्दा पनि समस्या यथावत छ ।

वीरगञ्ज महानगर-१३ श्रीपुरका कैफुल मियाँ खानेपानीको सङ्कट समाधान गर्न महानगर अग्रसर नभएकामा खिन्न हुनुहुन्छ । "चापाकलमा एक थोपा पनि पानी आउँदैन यस्तै हो भने हाम्रो उठिबास हुनेछ ।"

यहाँस्थित नेपाल खानेपानी संस्थानका प्रमुख प्रवीणकुमार साहले महानगरको खानेपानी समस्या दीर्घकालीन रुपमा समाधान गर्नेतर्फ ध्यान दिन जरुरी भएको बताउनुभयो ।

"यहाँको खानेपानी सङ्कट चापाकल वा बोरिङ गरेर हुँदैन", उहाँले भन्नुभयो, "ओभरहेड ट्याङ्की निर्माणदेखि पाइपलाइन विस्तारसम्मका काम गर्न आवश्यक छ । खानेपानीको लाइन भएकै ठाउँमा टोलटोलमा बोरिङ गरेर पानी वितरण पनि भइरहेको छ । एकीकृत रूपमा आपूर्ति व्यवस्थित हुनुपर्छ ।"

महानगरप्रमुख सिंह मङ्गलबार साँझ वडा नं ११ अन्तर्गत विद्यापति नगर, श्रीपुर, रानीघाटलगायत प्रभावित टोलमा ट्याङ्कर लिएर पुग्नुभयो । "नगरवासीलाई पानीको अभावमा राखिन्न, जहाँ समस्या छ, त्यहाँ समाधानको प्रयास गर्नेछौँ", उहाँले भन्नुभयो, "पानीको समस्या ३२ वटै वडामा रहेको र सबै वडामा समान रूपमा पानी पुर्‍याउने गरी संयन्त्र बनाएका छौँ ।"


सुरक्षित घर निर्माण गरौं

**घर निर्माण गर्दा-**

- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।

**"बलियो घर निर्माण गरौं, सुरक्षित भविष्य बनाऔं"**

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

# एअर इन्डिया दुर्घटनाको मृत्यु सङ्ख्या २६० मा स्थिर

अहमदाबाद (भारत), २५ असार (रासस/एएफपी) ।

भारतीय फोरेन्सिक अनुसन्धानकर्ताहरूले गत महिनाको लन्डनतर्फ गइरहेको यात्रु विमानको दुर्घटनामा मारिएका सबै दुई सय ६० जनाको पहिचान गरेको स्वास्थ्य अधिकारीहरूले बुधबार बताएका छन् । यद्यपि दुर्घटनाका बारेमा अत्यधिक प्रतीक्षित प्रारम्भिक प्रतिवेदन आउनुअघि यो जानकारी दिइएको हो ।

भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोले दशकौँको सबैभन्दा घातक हवाई दुर्घटनाहरूमध्ये एकको अनुसन्धानको नेतृत्व गरिरहेको छ । दुर्घटनाको एक महिनापछि शुक्रबार प्रारम्भिक प्रतिवेदन जारी हुने अपेक्षा गरिएको छ । जुन १२ मा दुर्घटनाग्रस्त हुँदा एअर इन्डिया बोइङ ७८७(८ ड्रिमलाइनरमा सवार दुई सय ४२ जनामध्ये एक जना बाहेक सबैको मृत्यु भएको थियो । पश्चिमी सहर अहमदाबादमा उडानको तुरुन्तपछि विमान आवासीय क्षेत्रमा खसेको थियो । अधिकारीहरूले जमिनमा मारिएका १९ जनाको पनि पहिचान गरेका छन् ।

अनुसन्धानको बारेमा कुनै विवरण जारी गरिएको छैन । अनुसन्धानमा बेलायत र अमेरिकी हवाई दुर्घटना अनुसन्धान एजेन्सीहरू पनि सहभागी छन् ।

यद्यपि विशेषज्ञ वेबसाइट द एअर करेन्टले अनुसन्धानसँग जानकार धेरै व्यक्तिलाई उद्धृत गर्दै यसले 'आफ्नो ध्यान इन्जिन इन्धन स्विचहरूको गतिमा केन्द्रित गरेको' बताएको छ । पूर्ण विश्लेषणमा 'महिनौँ र अझ धेरै समय लाग्नसक्ने' पनि वेबसाइटले बताएको छ । वेबसाइटमा 'त्यो समयमा अनुसन्धानकर्ताहरूको केन्द्रविन्दु परिवर्तन हुनसक्ने' पनि बताइएको छ ।

तर वेबसाइटले 'अनुसन्धानको यो विन्दुमा अनुसन्धानकर्ताहरूका लागि उपलब्ध डेटाले ७८७ विमान वा यसका इन्जिनहरूमा मेकानिकल वा डिजाइन समस्याको सङ्केत गर्दैन' पनि भनेको छ ।

वेबसाइटले यसका स्रोतहरूले 'दुर्घटनापछिको विश्लेषणले इन्धन सम्मिश्रण वा विमानको फ्ल्यापहरूको अनुचित तरिकाले पछि हटेको कुनै सङ्केत देखाएन' भनेको छ । यसका बारेमा यो एउटा कारण थियो भनी अनुमान गरिएको छ ।

भारतीय राज्य गुजरातका स्वास्थ्य अधिकारीहरूले सुरुमा कम्तीमा दुई सय ७९ जनाको मृत्यु भएको भनेका थिए, तर फोरेन्सिक वैज्ञानिकहरूले धेरै छरपस्ट भएका र नराम्ररी जलेका अवशेषहरूको पहिचान गरेपछि सङ्ख्या घटाएका छन् ।

"विमान दुर्घटनामा अन्तिम मृत्यु सङ्ख्या अब दुई सय ६० मा पुगेको छ", अहमदाबादको मुख्य सरकारी अस्पतालका प्रमुख राकेश जोशीले बुधबार एएफपीलाई भन्नुभयो, "दुर्घटनास्थलबाट अहिलेसम्म भेटिएका सबै मानवीय अवशेषहरूको पहिचान गरी तिनीहरूका परिवारहरूलाई हस्तान्तरण गरिएको छ ।"

"हाम्रो काम अब समाप्त भएको छ", उहाँले भन्नुभयो, "हामीले दुर्घटनास्थलबाट सङ्कलन गरिएका सबै मृत अवशेषहरूको डिएनए मिलाएका छौँ ।" संयुक्त राष्ट्रसङ्घको अन्तर्राष्ट्रिय नागरिक उययन सङ्गठन (आइसिएओ) ले अनुसन्धानको नेतृत्व गर्ने राज्यहरूले दुर्घटनाको ३० दिनभित्र क्यानाडा मुख्यालय भएको सङ्गठनलाई प्रारम्भिक प्रतिवेदन पेश गर्नुपर्छ भनी निर्धारण गरेको छ ।

त्यो प्रतिवेदन भने सार्वजनिक गर्नुपर्दैन । आइसिएओका अनुसार प्रारम्भिक प्रतिवेदनहरू गोपनीय राख्न वा अनुसन्धान गर्ने राज्यका विवेकमा सार्वजनिक गर्न सकिन्छ ।

# दिल्लीमा अवैध रूपमा बसेको आरोपमा पाँच बङ्गलादेशी नागरिक पक्राउ

नयाँदिल्ली, २५ असार (रासस/एएनआई) ।

दक्षिण पश्चिम जिल्ला प्रहरीको सुरक्षा अभियानका क्रममा दिल्लीमा अवैध रूपमा बसोबास गरेको आरोपमा एक महिला ४० दिनको शिशुसहित पाँच बङ्गलादेशी नागरिकलाई पक्राउ गरेको प्रहरीले बुधबार जनाएको छ ।

अधिकारीहरूका अनुसार उक्त समूहलाई फरक फरक स्थानबाट पक्राउ गरिएको थियो । सबै आवश्यक कानुनी प्रक्रिया पूरा गरिसकेपछि एफआरआरओ, दिल्लीसँग समन्वय गरी निर्वासन प्रक्रिया सुरु गरिएको छ । पक्राउ परेका व्यक्तिहरू उकील अमिन, अब्दुल रहिम मोहम्मद जाकिर रहेका छन् उनीहरु शेखादी डोनिया, यात्राबाड़ी र ढाकाका बासिन्दा हुन् । अवैध आप्रवासन रोक्न र दक्षिण पश्चिम जिल्लाको क्षेत्राधिकारमा गैरकानुनी रूपमा बसोबास गर्ने विदेशी नागरिकहरूको निगरानी गर्न, एक टोली नियुक्त गरिएको छ ।

टोलीलाई सतर्कता गस्ती, प्रभावकारी सतर्कता सुनिश्चित गर्ने र अवैध गतिविधिविरुद्ध सक्रिय उपायहरूको बारेमा जानकारी दिइएको थियो । दिल्लीको क्यान्ट क्षेत्रमा केही अवैध बङ्गलादेशी आप्रवासीहरू घुम्दै गरेको गोप्य सूचना प्राप्त भएको मङ्गलबार प्रहरीलाई जानकारी भएको प्रहरीले जनाएको छ ।

गोप्य सूचनाका आधारमा कर्मचारीहरूले सन्दिग्ध व्यक्तिहरूसँग उनीहरूको कागजात मागे, र सोधपुछ गरेपछि ती व्यक्तिहरू वैध कागजातहरू पेश गर्न नसकेका र सन् २०२३ मा अवैध माध्यमबाट भारत प्रवेश गरेका अवैध बङ्गलादेशी आप्रवासी भएको स्वीकार गरेका थिए ।

हालै उनीहरूलाई इँटा भट्टीका मालिकले कामबाट हटाएका थिए । यसका कारण उनीहरू श्रमको खोजीमा रेलबाट दिल्ली आएका थिए । उनीहरूसँग बङ्गलादेशको राष्ट्रिय परिचयपत्र जस्ता बङ्गलादेशी कागजातहरूको छायाँप्रति मात्र भएको प्रहरीले बताएको छ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*